बैठक नं.

आज मिति २०८१ साल कात्तिक महिनाको ११ गते विहिवारका दिन दिउसो १.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

| क्र.सं. | पंदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणीन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | जगन बहादुर गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

**अन्य उपस्थिति:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठाकुर प्रसाद अधिकारी | अधिकृत | |

CamScanner

# मिति २०८१।०७।११ गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धम

२) सहायक चौथो तह अमिन पदको अस्थायी दरवन्दी सिर्जना सम्वन्धमा

# मिति २०८१।०७।११ को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२) सहायक चौथो तह अमिन पदको अस्थायी दरवन्दी सिर्जना सम्वन्धमा

प्रस्ताव नं.२ मा छलफल गर्दा मिति २०८०/०८/०७ मा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा स्थानीय इन्जिनियरिङ सेवा/ सर्भे समुह/ अमिन/ सहायकस्तर (४) चौँथो पदको लागि भुलबस माग आकृति फारम भरी पठाइएको र उक्त माग आकृति फारम बमोजिम प्रदेश लोक सेवा आयोग, गण्डकीले विज्ञापन नं ४०१९/२०८०-८१ (विपन्न खस आर्य) को विज्ञापनद्वारा कर्मचारी छनौट गरी जुम्ला जिल्ला पातारासी गाउँपालिका वडा नं ०५ बस्ने राजेन्द्र खत्री विपन्न खस आर्य तर्फ योग्यताक्रम नं १ लाई च.नं. ३२४ मिति २०८१/०६/३० को पत्रबाट यस कार्यालयमा सिफारिस गरेको हुँदा यस अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०७/११ को निर्णयानुसार हाललाई अस्थायी दरबन्दी सृजना गरी निजलाई नियुक्ति दिने र उक्त पदको व्यवस्था रही रिक्त रहेको कार्यालयमा निजलाई पदस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई अनुरोध गर्ने निर्णय निर्णय गरियो ।

CamScanner

वैठक नं.

आज मिति २०८१ साल कात्तिक महिनाको २९ गते विहिवारका दिन मध्याह्न १२.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | [signature] |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | [signature] |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | [signature] |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | [signature] |
| ६ | फणीन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | [signature] |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | [signature] |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | [signature] |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | [signature] |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | [signature] |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | [signature] |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | [signature] |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | [signature] |
| १४ | जगन बहादुर गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | [signature] |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | [signature] |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | [signature] |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | [signature] |

CS CamScanner

# मिति २०८१।०७।२९ गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा

२) इ.सि.डि शिक्षक व्यवस्थापन सम्वन्धमा

३) शिक्षक सरुवा र व्यवस्थापन सम्वन्धमा

४) डि.पि. आर सम्वन्धमा

५) प्रशासकिय भवन सम्वन्धमा

६) नयाँपुल मा सडक आदगमन सम्वन्धमा

७) घान्द्रुक चोक मा रहेको प्रतिक्षालय मर्मत को रकम भुक्तानी सम्वन्धमा

८) घ वर्गको इजाजत पत्रको नामसारी सम्वन्धमा

९) खर्च सार्वजनिकीकरण संम्वन्धमा

# मिति २०८१।०७।२९ को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

**२) इ.सि.डि शिक्षक व्यवस्थापन सम्वन्धमा**

प्रस्ताव नं.२ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका भित्र विभिन्न स्थानहरुमा बर्षादको समयमा भएको पहिरो पन्छाउन, सडक सरसफाई गर्न गाँउपालिका अध्यक्षज्यूबाट विभिन्न समयमा आदेश भए बमोजिम खहरे निर्माण सेवाले कार्य सम्पन्न गरि वडा कार्यालयको अनुगमन प्रतिवेदन सहित सिफारिश पत्र, प्राविधिक इष्टमेट र मूल्याङ्कन, उपाध्यक्षको अनुगमन प्रतिवेदन सहित भ्याट विल पेश हुन आएकोले बजेट तथा कार्यक्रम को सरसफाई शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**३) शिक्षक सरुवा र व्यवस्थापन सम्वन्धमा**

प्रस्ताव नं ३ मा छलफल गर्दा अन्नपुर्ण गाँउपालिका को माछापुच्छ्रे मा.वि. ख़ेलमैदान नजिक मञ्च व्यवस्थापन गर्नु पर्ने भएकोले मञ्च निर्माण गर्ने र निर्माण सम्पन्न पश्चात कार्यक्रम तथा बजेटको अधुरा आयोजना शिर्षकबाट उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**४) डि.पि. आर सम्वन्धमा**

प्रस्ताव नं.४ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिकाका तपसिल बमोजिमका योजनाहरुको डि.पि. आर तयार गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | वडा नं . | कैफियत |
|---|---|---|---|
| १ | भिरमुनी प्याउदी झो.पु | १ | संघबाट बजेट विनियोजन |
| २ | धोती खोला मोटरेवेल पुल | ५ | संघबाट बजेट विनियोजन |
| ३ | गैरीवाङ आङवाङ झो.पु. | ८ | प्रदेश पूर्वाधार कार्यालयबाट बजेट विनियोजन |
| ४ | घान्द्रुक खानेपानी | १० र ११ | संघ विशेष योजना । |

**५) प्रशासकिय भवन सम्वन्धमा**

प्रस्ताव नं.५ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिमा हाल सम्म प्रशासकीय भवन बन्न नसकेकोले सो प्रशासकिय भवन निर्माणका लागि गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालय लाई आवश्यक वजेट व्यवस्थापन गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**६) नयाँपुल मा सडक आवगमन सम्वन्धमा**

प्रस्ताव नं .६ उपर छलफल गर्दा अन्नपुर्ण गाउँपालिकाको वडा नं ५ नयाँपुल क्षेत्रमा हाइवे वाट विरेठाटी, घान्द्रुक जानका लागि प्रवेश बजार क्षेत्र बाट गर्ने र फर्कदा बजार क्षेत्र भन्दा अगाडीको सडक बाट फर्कने गरी एक तर्फी आवगमन व्यवस्था मिलाउने निर्णय गरियो ।

**७) घान्द्रुक चोक मा रहेको प्रतिक्षालय मर्मत को रकम भुक्तानी सम्वन्धमा**

प्रस्ताव नं.७ उपर छलफल गर्दा घान्द्रुक चोकमा रहेको प्रतिक्षालय मर्मत गरिएकोले प्राविधिक मूल्याङ्कन अनुसार निर्मीत संरचनाको मर्मत संभार कोष बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**८) घ वर्गको इजाजत पत्रको नामसारी सम्वन्धमा**

प्रस्ताव नं.८ उपर छलफल गर्दा अर्विण गुरुङको नाउमा दर्ता रहेको ए.आर अन्नपुर्ण कन्स्ट्रक्सन एण्ड विल्डर्स हाल परिवर्तित नाम मिश्री कन्स्ट्रकसन पोखरा ७ मा र शाखा कार्यालय अन्नपुर्ण

CamScanner

गाउँपालिका १ कास्की फर्म रहेको र अर्जुन श्रेष्ठ नाउमा उक्त कम्पनी नामसारी गर्नका लागि आवश्यक कागजात पेश गर्नु भएकोले उक्त घ वर्गको इजाजत पत्र को नामसारी गर्ने निर्णय गरियो ।

**९) खर्च सार्वजनिकीकरण सम्वन्धमा**

प्रस्ताव नं.९ उपर छलफल गर्दा आ.व. २०८०।०८१ को चालु र पुजीगत खर्चको शिर्षक गत खर्च विवरण सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

CamScanner